# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.: २०७९/०८०
च.नं.: १८८६

मितिः २०७९/११/२६

**विषयः** घटना दर्ता सच्याउने सम्बन्धी स्पष्टता सम्बन्धमा ।

**श्री स्थानीय पञ्जिकाधिकारी सबै (५ वटै)**
देवघाट गाउँपालिका
देवघाट, तनहुँ ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १७(१) ले केन्द्रिय पञ्जिकाधिकारी (रजिष्ट्रार) र १७(२) ले स्थानीय पञ्जिकाधिकारी (रजिष्ट्रार) को रुपमा कार्य गर्ने जिम्मेवारी बमोजिम सबै वडा कार्यालयहरुमा जन्म, मृत्यु, बसाईसराई, विवाह र सम्बन्ध विच्छेद दर्ताको कार्य हुँदै आएको छ । घटना दर्ता सच्याउने सम्बन्धी सहजीकरण गरिदिन गाउँपालिकाको कार्यालयमा अनुरोध भई आएको हुँदा देहाय बमोजिम गर्नु गराउनु हुन निर्देशित गरिएको छ ।

**देहायः**

१) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २५ को उपदफा १ बमोजिम यो ऐन लागू भएपछि जन्मेको बच्चाको उमेर, नाम, थर वा अन्य विवरण यस ऐन बमोजिम एक पटक दर्ता भई दर्ताको प्रमाणपत्र प्रदान गरिएपछि सच्याउनु परेमा त्यसको लागि सम्बन्धित व्यक्तिले प्रमाणपत्र लिएको एक वर्षभित्र स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा तोकिएको ढाँचामा दरखास्त दिन सक्नेछ भनि उल्लेख भएकोले सोही बमोजिम गर्ने ।

२) गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ६६० मिति २०७९-०७-३० गतेको घटना दर्ता गर्ने स्पष्टता सम्बन्धी परिपत्र बमोजिम व्यक्तिगत घटना दर्ता प्रमाण पत्रमा उल्लिखित विवरणमा तात्विक अन्तर नपर्ने जस्तैः "कुमारी, देवी, बहादुर, प्रसाद" जस्ता शब्द बढी राखिएको वा छुटेको वा ईकार, उकार, थर, spelling लगायतमा सामान्य त्रुटी भएमा त्यस्को पुष्टि हुने कागज प्रमाण संलग्न गरी सच्याई दिने ।

**अवगतार्थः**
श्रीमान गाउँपालिका अध्यक्षज्यू, देवघाट गाउँपालिका, देवघाट तनहुँ ।
श्रीमान गाउँपालिका उपाध्यक्षज्यू, देवघाट गाउँपालिका, देवघाट तनहुँ ।
**बोधार्थः**
श्री वडा अध्यक्षज्यू, (देवघाट गाउँपालिकाअन्तर्गतका ५ वटै वडा कार्यालय)

..........................
रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत
रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत